**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ मार्च २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- **राष्ट्रपति द्रौपदी मुर्मुको आज तय गरिएको आधिकारिक दार्जिलिङ भ्रमणको कार्यक्रम रद्द गरिएको जानकारी प्राप्त भएको छ।**

- पश्चिम बङ्गालमा, मतदाता सूचीकोको विशेष गहन पुनरीक्षणको प्रक्रियालाई द्रुत बनाउनका लागि ओडिशा र झारखण्डबाट २०० थप न्यायाधीशहरू नियुक्त गरिएको छ।

- आगामी विधानसभा चुनाव र मतदाता सूचीसँग सम्बन्धित मामिलाहरूको समीक्षा गर्न **चुनाव आयोगको पूर्ण** पीठले **पश्चिम बंगालको दुई दिवसीय भ्रमण गर्नेछ** |

- पश्चिम बंगालका राज्यपाल सीवी आनंद बोसले आगामी विधानसभा चुनाव भन्दा पहिले आफ्नो पदबाट त्याग पत्र दिनु भएको छ।

- पश्चिम बंगालका राज्यपाल सीभी आनन्द बोसले आफ्नो पदबाट राजीनामा दिए पछि केन्द्र सरकारले आर एन रविलाई राज्यको अन्तरिम राज्यपालको रूपमा नियुक्त गरेको छ।

**राष्ट्रपति द्रौपदी**

राष्ट्रपति द्रौपदी मुर्मुको आज तय गरिएको आधिकारिक दार्जिलिङ भ्रमणको कार्यक्रम रद्द गरिएको जानकारी प्राप्त भएको छ। थप जानकारी अनुसार 7 मार्च 2026 को कार्यक्रम भने पूर्वनिर्धारित तालिका अनुसार नै सञ्चालन हुने बताइएको छ |

**लेफ्टिनेन्ट गभर्नरको नियुक्ति**

राष्ट्रपति द्रौपदी मुर्मुले विभिन्न राज्य र केन्द्र शासित प्रदेशहरूका राज्यपाल र लेफ्टिनेन्ट गभर्नरहरू नियुक्त गर्नु भएको छ। हिमाञ्चल प्रदेशका राज्यपाल शिवप्रताप शुक्लालाई तेलंगानाको राज्यपालको रूपमा नियुक्त गरिएको छ भने जिष्णु देव वर्मालाई महाराष्ट्रको राज्यपालको रूपमा नियुक्त गरिएको छ। बिहार विधानसभाका पूर्व अध्यक्ष नन्दकिशोर यादवलाई नागाल्याण्डको राज्यपालको रूपमा नियुक्त गरिएको छ भने सेवानिवृत्त लेफ्टिनेन्ट जनरल सैयद अता हसनैनलाई बिहारको राज्यपालको रूपमा नियुक्त गरिएको छ।तमिलनाडुका राज्यपाल आरएन रविलाई पश्चिम बंगालको राज्यपालमा नियुक्त गरिएको छ।केरलाका राज्यपाल राजेन्द्र विश्वनाथ अर्लेकर तमिलनाडुको राज्यपालको जिम्मेवारी सम्हाल्नु हुनेछ। राष्ट्रपति द्रौपदी मुर्मुले पश्चिम बंगालका गभर्नर डा. सीवी आनन्द बोसको राजीनामा स्वीकृत गर्नु भयो।लद्दाखका लेफ्टिनेन्ट गभर्नर कविन्दर गुप्तालाई हिमाचल प्रदेशको जिम्मेवारी दिइएको छ भने दिल्लीका लेफ्टिनेन्ट गभर्नर विनय कुमार सक्सेनालाई लद्दाखको लेफ्टिनेन्ट गभर्नर नियुक्त गरिएको छ।पूर्व कूटनीतिज्ञ तरणजीत सिंह सन्धुलाई दिल्लीको लेफ्टिनेन्ट गभर्नरमा नियुक्त गरिएको छ।

**पश्चिम बंगाल-एसआईआर**

पश्चिम बङ्गालमा, मतदाता सूचीकोको विशेष गहन पुनरीक्षणको प्रक्रियालाई द्रुत बनाउनका लागि ओडिशा र झारखण्डबाट २०० थप न्यायाधीशहरू नियुक्त गरिएको छ। यी नवनियुक्त न्यायाधीशहरूले लगभग ६० लाख विचाराधिन मुद्दाहरूको जाँच गर्नेछन्। राज्यको मुख्य चुनाव अधिकारीको कार्यालयका अनुसार यी न्यायाधीशहरू उत्तर र दक्षिण २४ परगना, पूर्व र पश्चिम बर्दवान, हावडा, हुगली, नादिया र बीरभूम जिल्लामा नियुक्त हुनेछन्।

वर्तमानमा , लगभग पांच सय 50 न्यायाधीश एसआईआरसित संबंधित मामिलाहरुलाई सुल्झाउनमा लागेका छन् । चुनाव आयोगका सूत्रहरु अनुसार, लंबित मामिलाहरुलाई शीघ्र निपटाउन का लागि कयौ प्रशासनिक कदम उठाइन्दै छ । अहिलेसम्म लगभग 6 लाख मामिलाहरुको समाधान भईसकेको छ ।

**<u>पश्चिम बंगालको दुई दिवसीय भ्रमणमा चुनाव आयोग की पूर्ण पीठद्वारा , चुनावी तैयारिहरुको समीक्षा</u>**

भारतीय चुनाव आयोगले आगामी सप्ताह दुई दिन पश्चिम बंगालको भ्रमण गर्ने भनिएको चुनाव आयोगको पूर्ण पीठको कार्यतालिका निकै व्यस्त हुने जनाएको छ । आगामी विधानसभा चुनाव र मतदाता सूचीसँग सम्बन्धित मामिलाहरूको समीक्षाका लागि यो भ्रमण महत्त्वपूर्ण मानिएको छ।

निर्धारित कार्यक्रम अनुसार, मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारको नेतृत्वमा आयोगको पूर्ण पीठ आठ मार्चको राति कोलकाता आइपुग्नेछ । ९ र 10 मार्चमा आयोगले "लॉजिकल डिस्क्रेपेंसी" श्रेणीमा राखिएको मतदाताहरुको दस्तावेजहरुमा चलिरहेको न्यायिक जांच तथा राज्यमा यस वर्ष हुने विधानसभा चुनावको तैयारिहरुको समीक्षा गर्नेछ ।मुख्य चुनाव अधिकारी कार्यालयको सूत्रहरु अनुसार, नौ मार्चको बिहान 10 बजे देखि दिउँसो 12 बजेसम्म आयोग ले विभिन्न मान्यता प्राप्त राजनीतिक दलहरुको प्रतिनिधिहरुको साथ बैठक गर्नेछ । प्रत्येक दललाई आफ्नो कुरा राख्नका लागि 10 मिनटको समय दिइने छ । यस पछि दिउसों लगभग 12बजेर 30 मिनटमा मुख्य चुनाव अधिकारी मनोज कुमार अग्रवालले आयोग को समक्ष न्यायिक जांच र चुनावी तैयारिहरुको स्थितिमाथि प्रस्तुति दिनुहुनेछ जुन लगभग 30 मिनट सम्म चल्नेछ ।

त्यसै दिन दिउसों 1बजेर 15 देखि 1बजेर 30 मिनट बीच आयोगको पूर्ण पीठले राज्य र केंद्रको विभिन्न सुरक्षा एवं जांच एजेंसिहरुका प्रतिनिधिहरु सित साथ बैठक गर्नेछ । बैठकमा लगभग 24 एजेंसिहरुका अधिकारी, जिला मजिस्ट्रेट र जिल्ला पुलिस अधीक्षक उपस्थित रह्नेछन् ।

10 मार्चमा आयोगको पूर्ण पीठले राज्य सरकारका शीर्ष नौकरशाहहरु र वरिष्ठ पुलिस अधिकारिहरुको के साथ बैठक गर्नेछ । यसमा मुख्य सचिव नंदिनी चक्रवर्ती र कार्यवाहक पुलिस महानिदेशक पीयूष पांडेय पनि शामेल हुनेछन् शामिल | यो बैठक बिहान 10 बजे शुरू हुनेछ र लगभग 10 घंटासम्म चल्ने संभावना रहेको छ । यस पछि आयोगले निर्वाचन पंजीकरण अधिकारिहरु , सहायक निर्वाचन पंजीकरण अधिकारिहरु र बूथ स्तरीय अधिकारिहरुको साथ पनि बैठक गर्नेछ ।निर्धारित कार्यक्रम अनुसार, आयोगको पूर्ण पीठ 10 मार्चमा नै दिल्ली फर्किनेछ । आयोगको यस भ्रमणलाई आगामी विधानसभा चुनावको तैयारिहरुको संदर्भमा अत्यन्तै महत्वपूर्ण मानिएको छ ।

**<u>केंद्रीय वाणिज्य एवं उद्योग राज्य मंत्री -"व्यापक पैकेज"</u>**

केन्द्रीय वाणिज्य एवं उद्योग राज्यमन्त्री जितिन प्रसादले उत्तर बंगालमा चिया बगानहरुका लागि केन्द्र सरकारले चाँडै नै ' व्यापक प्याकेज' ल्याउने तयारी गरिरहेको बताउनु भएको छ । उहाले जलपाइगुडी जिल्लाको चिया बगानहरुको अवलोकन गरे पछि यस आशय को जानकारी दिनुभएको हो ।
केन्द्रीय राज्यमन्त्री जितिन प्रसादले चिया उद्योगसँग सम्बन्धित वर्तमान समस्या बुझ्न र समाधानका लागि केन्द्र सरकार गम्भीर भएर लागिपरेको बताउनु भएको छ । चिया उद्योगको वास्तविक अवस्थाको जानकारी आकलन गर्न र कर्मचारीसँग सम्बन्धित विषयमा पनि चर्चा गर्न सकिने उद्देश्यका साथ आफ्नो उत्तर बंगाल भ्रमण भएको बताउनुभएको छ । उहाले वाणिज्य तथा उद्योग मन्त्रालय अन्तर्गत चिया बोर्ड सञ्चालन हुने र भारतीय चियाको निर्यात कसरी बढाउन सकिन्छ भन्नेबारे मन्त्रालयले विचार गरिरहेको बताउनु

भएको छ । देशको चियाको माग निकै बलियो रहेको र गुणस्तरमा सुधार ल्याएर अन्तर्राष्ट्रिय बजारमा चियाको निर्यात बढाउन सकिने सम्भावनाको खोजी भइरहेको बताउनुभयो ।

**संशो. पश्चिम बंगाल-राज्यपाल राजीनामा**

पश्चिम बंगालका राज्यपाल सीवी आनंद बोसले आगामी विधानसभा चुनाव भन्दा पहिले आफ्नो पदबाट त्याग पत्र दिनु भएको छ । श्री बोसले नवंबर 2022 मा पश्चिम बंगालको राज्यपालको पदभार ग्रहण गर्नुभएको थियो । श्री बोसले आफ्नो राजीनामाको पुष्टि गर्नुहुदै भन्नुभयो कि ऊहाँ साढ़े तीन बर्षसम्म पश्चिम बंगालको राज्यपाल रहनुभयो ।

**आरएन रवि**

पश्चिम बंगालका राज्यपाल सीभी आनन्द बोसले आफ्नो पदबाट राजीनामा दिए पछि केन्द्र सरकारले आर एन रविलाई राज्यको अन्तरिम राज्यपालको रूपमा नियुक्त गरेको छ। आर एन रवि हाल तमिलनाडुका राज्यपाल हुन् र अब पश्चिम बंगालको अन्तरिम राज्य पालको जिम्मेवारी सम्हाल्नेछन्।

आरएन रविले आफ्नो कार्यकालमा केन्द्रीय अनुसन्धान ब्यूरो र गुप्तचर ब्यूरो (आईबी) मा काम गरेका छन्। तमिलनाडुका मुख्यमन्त्री एम.के. स्टालिनसँग उहाँको लामो समयदेखि तनावपूर्ण सम्बन्ध रहेको छ । गत वर्ष स्वतन्त्रता दिवसको अवसरमा स्टालिन सरकारले उहाँलाई चिया चक्रमा सहभागी नहुन आदेश दिएको थियो । यसबाहेक, तमिलनाडु सरकारले केही वर्ष पहिले सर्वोच्च अदालतमा पनि आरोप लगाएको थियो कि रविले विधानसभाले पारित गरेको १० वटा विधेयकमा हस्ताक्षर गर्न ढिलाइ गरेका थिए । उहाँले सर्वोच्च अदालतको अनुमोदन पछि २०२५ को सुरूमा बिलहरूमा हस्ताक्षर गर्नुभयो , तर विवाद समाप्त भएन। तमिलनाडुमा मुख्यमन्त्री स्टालिनसँग आर एन रविको गतिरोधको व्यापक चर्चा भइसकेकाले चुनावपूर्व राजनीतिक वातावरणलाई ध्यानमा राख्दै यो नियुक्तिलाई महत्त्वपूर्ण मानिएको छ ।

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले पनि बोसको राजीनामामाथि प्रश्न उठाउनु भएको छ । उहाँले कुनै पनि राजनीतिक दबाबको सामना गर्न नसकेका कारण बोसले राजीनामा दिन बाध्य भएको आरोप लगाउनु भएको छ ।

**28 फरवरी गोर्खाहरुको लागि कालो दिवस हो: अनित थापा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा रंगबुल धोतरिया रंगमुक समष्टिको सांगठनिक कर्मी सभा सम्पन्न भएको छ। उक्त कर्मी सभामा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रिय संस्थापक अध्यक्ष अनित थापा, महासचिव अमर लामा लगायत अन्यहरू उपस्थित रहेका थिए।

कर्मी सभालाई सम्बोधन गर्दै जीटीए प्रमुख अनित थापाले भने, वर्तमानमा चलिरहेको एसआईआरमा हाम्रो जाति मास्ने कुरा आउँदैछ, यो पार्टीको कुरा होइन, यो जातिको कुरा हो।एसआईआरलाई लिएर भाजपाले कुन अधिकारले हेल्पलाइन खोल्दैछ। कसले अधिकार दियो? हेल्पलाइन विषयमा सरकारको अधिसूचना देखाउनु। हेल्पलाइन नम्बरबाट एसआईआरमा डिलिट भएको मान्छेको नाम समावेश गरेर देखाउनु।'

उनले अघि भने, भाजपाले हाम्रो 20 वर्ष भोट लग्यो। तर भाजपाले न गोर्खाल्याण्ड दियो न जनजाति नै दियो, उल्टा भाजपाले हाम्रो जातिलाई शरणार्थी बनाउँदैछ, सुकुम्बासी बनाउँदैछ। हाम्रो जातिलाई नै मास्नु खोज्दैछ। हामीले हाम्रो जातिलाई बस्ने जमीनको अधिकार दिएका थियौं, तर भाजपाले हाम्रो नागरिकता नै खोसिदिएको छ।

**उत्तर बंगाल- सुटिङ प्रतिभा**

उत्तर बंगालको तीरान्दाज प्रतिभाहरुलाई पहिचान गर्न ओलम्पियाड जितु राई एकेडेमी सुरु हुने भएको छ। जितु राई तीरान्दाज अकादमी २६मार्च देखि शिव मन्दिरको न्यू रोगियामा खुल्ने भएको छ । सिलगुडी मा आयोजित पत्रकार सम्मेलनमा अर्जुन जितु राईले - उत्तर बंगालमा धैरै तीरान्दाज प्रतिभाहरू छन् जसलाई सही ठाउँमा अग्रसर गराउनु र सहि मंच प्रदान गर्नुनै अकादमीको उदेश्य रहेको बताउनुभयो ।

****** ० ******